गौमुखी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्यूठान

खरिद सूचना नं. :४-GRM-०७६/०७७

# औषधि खरिद सम्वन्धि अनलाइन /शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।०६**

यस कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व. २०७६/०७७ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी, फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही अनलाइन वा स्वयं उपस्थित भई सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन आब्हान गरिएको छ।

शर्तहरु

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, औषधी व्यवस्था विभागवाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि, प्रोपाइटर स्वंयम उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा संलग्न राखी लिखित निवेदन पेश गरी रु १०००। राजश्व दस्तुर( फिर्ता नहुने गरी) बुझाई यस गौमुखी गाउँ कार्यपालिकाको कार्यालय, प्यूठानवाट खाता नं. ४१४९५२४१२०७००१ मा खरिद गर्न सकिनुका साथै PPMO को वेब साईट www.bolpatra.gov.np/egp.वाट शिलवन्दी दरभाउ पत्र डाउनलोड गरि अनलाइन दर्ता गर्न पनी सकिने छ । दरभाउ पत्र दाताले अनलाईन शिलवन्दि दरभाउपत्र पेश गरेपनी शिलवन्दि दरभाउपत्रको हार्ड कपि पनि कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) खरिद गरिएको शिलवन्दी दरभाउपत्र फाराम, सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजेभित्र यस गाउँपालिकाको नाममा सम्बोधन गरी शिलवन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी शिलवन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, खरिद सूचना नं. समेत उल्लेख गरी यस गाउँपालिका कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) शिलवन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे वमोजिमको जमानत रकम गौमुखी गाउँ कार्यपालिकाको कार्यालयको नाममा नेपाल एस.वि.आई वैंक लिमिटेड शाखा कार्यालय, ठुलावेसी, प्यूठानमा रहेको धरौटी खाता नं. ४१४९५२४१२०७००२ मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस गाउँ कार्यपालिकाको नाममा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुने गरी ७५ दिन अवधि(Validity)रहेको सक्कल वैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

४) दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट गरेको ठाउँमा दायाँ वायाँ हस्ताक्षर नगरेकोलाई मान्यता दिइनेछैन।

५) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधी WHO GMP मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ।

६) खरिद गरिने औषधी तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि यस कार्यालयमा दाखिला हुँदा कम्तिमा अठार महिना बाँकी रहेको हुनुपर्नेछ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा प्रयोग गर्ने अवधि कम्तिमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्नेछ।

७) दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसायी सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्व:घोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र फारामसाथ पेश गर्नु पर्नेछ।

८)म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

९)पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यालयमा आई बुझ्न सकिने छ।

१०) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ। एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदिसो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ।

११) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनको हुनुपर्नेछ।

१२) आफूले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधीको प्याकिङ्ग वाहिर औषधीको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., उत्पादक कम्पनीको नाम स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ ।औषधीको प्याकिङ वाहिर तथा प्रत्येक स्ट्रीपमा "नेपाल सरकारवाट नि:शुल्क वितरणको लागि वा यो औषधी विक्रीका लागि होइन" भनी प्याकिङ्गमा उल्लेख भएको हुनपर्नेछ।

१३) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ।

तपसिल

| क.सं. | सूचना नं. | कामको विवरण | दरभाउपत्रको दस्तुर | लागत अनुमान(भ्याट समेत) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४-GRM-०७६/०७७ | औषधी तथा सर्जिकल सामान खरिद | १,०००। | रु.१७,००,०००।०० | रु४२,५००।- | |

राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत